# पाँचथर जिल्ला अदालतबाट प्रकाशित

## १५ दिने सूचना

## (बिगो नं. २०, तहसिल शाखा)

सूचना । सूचना ।। सूचना ।।।

दरखास्तवाला/ वादी जिल्ला पाँचथर फिदिम नगरपालिका वडा नं. १ बस्ने नुवाहाङ नेम्बाङ प्रतिवादी तपाई भएको मु.नं. ०७७-CP-०११४ को लेनदेन मुद्दामा यस अदालतको मिति २०७८/०१/०८ को फैसला बमोजिम रु.३,४३,७५०/- तथा वादीले दाखिला गरेको अदालती शुल्क रु.८,३७५।- समेत भराई पाऊँ भनी वादीको मिति २०७४/११/०२ मा दरखास्त परी कारबाहि क्रममा प्रतिवादीको नाममा १५ दिने जनाउ म्याद जारी गरिएकोमा सो म्याद मिति २०७८/०५/२७ मा तामेल भई निर्दिष्ट मिति भित्र तपाईले सो रकम दाखेला नगरेको हुँदा बादीले बिगो भराई पाँउ भनी देखाएको तपसिल बमोजिमको प्रतिवादीका श्रीमती तथा छोरीको नाममा दर्ता रहेको जेथाको डाक लिलाम गरी बिगो भराईदिनका लागि पहिलो पटक तोकिएको मिति २०७८/१२/२८ को डाक लिलाममा कसैले पनि डाक सकार नगरेको हुँदा दोस्रो पटक यो १५ दिने सूचना प्रकाशित गरिएको छ। उक्त जेथाको पञ्चकिर्ती मूल्य मिति २०७९/०१/०८ मा कायम भईसकेकोले विगोले खामेसम्मको जेथा पञ्चकिर्ती मूल्यका दरले लिलाम हुने हुँदा मिति २०७९/०५/१९ गतेको डाक बढाबढ तारेख तोकिएको छ। यो सूचना तपसिलको जग्गामा-१, फिदिम न.पा. १ नं. वडा कार्यालयमा-१, मालपोत कार्यालय, फिदिममा-१ तथा यस अदालतको सूचना पाटीमा समेत टाँस गरिएको छ। डाक बढाबढ गर्न इच्छुक महानुभावले मिति २०७९/०५/१९ गते दिनको १० बजे यस अदालतमा उपस्थित भई डाक बढाबढमा भाग लिनुहोला। पञ्चकिर्ती मूल्य भन्दा बढी जसको डाक बढाबढ हुन्छ उसैले डाक सकार गरिलिन पाउनेछ। आँफूले डाक बोलेको रकमको १०% रकम सोहि दिन अदालतमा चुक्ता बुझाउनु पर्नेछ र बाँकी रकम ७ दिन भित्र बुझाउनु पर्नेछ। सो समयभित्र बाँकी रकम नबुझाएमा पहिले बुझाएको १०% रकम जफत हुनेछ। मूल्य पूरा हुन नआएमा लिलाम बिक्री हुने छैन। लिलामको दिन अदालत बिदा भए त्यसको भोलि पल्ट डाक हुनेछ। अन्य कुनै जानकारी लिनु परे अदालतको समयमा जानकारी लिन सकिने वेहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

तपसिलः

| क्र.सं. | जिल्ला | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | दर्तावाला | पञ्चकिर्ती मूल्य प्रतिरोपनीमा |
|---|---|---|---|---|---|---|---|
| १. | पाँचथर | फिदिम | ३क | ४१७ | १-४-१-३ | इच्छिङ नेम्बाङ | रु.१,७०,०००।- |
| २. | पाँचथर | फिदिम | ३क | ३०१ | २-०-०-० | पञ्चकुमारी सुब्बा | रु.१,००,०००।- |

ईति सम्वत २०७९ साल साउन महिना २३ गते रोज ३ शुभम्-------------------------------------